# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं फागुन २६ गते २०१५ साल [ संख्या ४५

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिये बमोजिमको एजेन्सी दस्तूर नियम, २०१५ सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

नेपाल एजेन्सी ऐन २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनायको छ।

१ संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम एजेन्सी दस्तुर नियम २०१५ रहेको छ।

(२) यी नियम हरू तुरुन्त प्रारम्भ हुने छन्.

२ परिभाषाः— बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा।

(क) 'ऐन," भन्नाले नेपाल एजेन्सी ऐन, २०१४ लाई सम्झनु पर्छ।

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ दर्खास्त दिनु पर्नेः— ऐनको दफा ४ बमोजिम एजेन्ट हुन चाहने व्यक्तिले अनुसूची १ भरी श्री डाइरेक्टर, उद्योग विभाग, श्री ५ को सरकार सिंहदरबार, नेपालमा दर्खास्त दिनु पर्छ ।

४ रजिष्ट्रेसन दस्तुरः— नियम ३ बमोजिम दर्खास्त दिने व्यक्तिले आफ्नो नाम एजेन्टमा रजिष्टर गर्नको निमित्त दर्खास्त साथ एकसय रूपैयाँ रजिष्ट्रेसन दस्तुर बुझाउनु पर्नेछ र श्री ५ को सरकारले सो व्यक्तिको नाम रजिष्ट्रर्ड एजेण्टमा दर्ता गर्न सक्नेछ ।

५ रजिष्ट्रड एजेन्सीको अवधि र पुनःनविकरणः—

(१) कुनै एजेन्सी जुन सालमा रजिष्ट्रर गरिएको हो सो सालको चैत्र मसान्त सम्म बहाल रहने छ ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भए पछि आफ्नो एजेन्सी पुनः नविकरण ( रिन्यू ) गर्न चाहने व्यक्तिले आउँदो सालको वैशाख महिना भित्र नियम ३ मा उल्लिखित अधिकारी छेउ दर्खास्त दिनु पर्छ ।

(३) उपनियम (२) बमोजिम दर्खास्त दिने व्यक्तिले पुनः नविकरण ( रिन्यूवल ) दस्तुर बापत बीस रूपैयाँ आफ्नो दर्खास्त साथ बुझाउन पर्ने छ ।

६ फाँटवारी पेश गर्नु पर्नेः— यी नियम हरू प्रारम्भ भएपछि हरेक रजिष्ट्रर्ड एजेण्टले आफूले गरेको कारोबारको फाँटवारी अनुसूची मा भरी प्रत्येक तिन तिन महिनामा नियम ३ मा तोकिएको अधिकारी छेउ पेश गर्नु पर्छ ।

७ दण्ड सजायः— यस नियमका कुनै कुरा उल्लंघन गर्ने वा नियम ६ बमोजिम पेश गरको फाँटवारी मा कुनै झुट्टाकुरा लेख्ने वा फरक पारी लेख्ने व्यक्तिलाई श्री ५ को सरकारले ऐन बमोजिम सजाय गर्न सक्नेछ ।

## अनुसूची १

श्री डाइरेक्टर,

### उद्योग बिभाग श्री ५ को सरकार

सिंहदरबार, नेपाल,

महोदय.

म । हामिले कम्पनी संग लिएको एजेन्सीको छोटकरि विवरण तल खुलाइ सो कम्पनीको एजेण्टभएको (मक्कल) नक्कल यसैसाथ पेश गरेकोछु । [छौं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
599

उक्त कम्पनीको एजेण्ट भै काम गर्दा टर्मस वा भाउ फेरिएमा तुरुन्तै सूचना गर्नेछु [छौं] आफुले लिएका एजेन्सीका मालहरूको आएको बिक्री भएको मौजदात रहेको तथा तिनको दर भाउको फाँटवारी तिन तिन महिनामा तपाईं छेउ पेश गर्नेछु [छौं] माल बिक्रिगर्दा आफुले पाएको कमिशन रिबेट र श्री ५ को सरकारबाट तोकी दिएको भन्दा बढी मुनाफा नलिई बिक्रि गर्नेछु [छौं]

कम्पनी संग भएको एग्रीमेन्टको शर्त बमोजिम काम गर्न रजिष्ट्रर्ड एजेण्टमा नाम दर्तागराई पाऊँ। नेपाल कानून बमोजिम कामकाज गर्नेछु [छौं]।

एजेन्सी दिने कम्पनी वा फर्मको नाम र ठेगाना ... ... ...

एजेन्सी पाएको मालको छोटकरि विवरण ... ... ...

एजेन्सीको इलाका ... ... ... ...

एजेण्ट वा एजेन्सीको नाम ... ... ... ...

एजेण्ट वा एजेन्सीको ठेगाना ... ... ... ...

एजेण्ट वा एजेन्सीको फार्मको धनी। धनीहरूको नाम ... ... ...

निबेदक

लेखात्मक सहि

लेखात्मक सहि

(दुवहातको बुढिऔंलाको)

[क] दायाँ

[ख] वायाँ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची २

एजेण्ट वा एजेन्सीले दिनु पर्ने फाँटवारी फाराम—

श्री डाइरेक्टर,
उद्योग बिभाग, श्री ५ को सरकार,
सिंहदरवार ।

| [१] मालको बिवरण | [२] परिमाण अथवा थान | [३] बिक्री परिमाण अथवाथान | [४] बाकी परिमाण अथवाथान | [५] खरिद मोल | | [६] महसूल भाडाइत्यादि | | [७] खर्चमोल | | [८] नाफा | [९] बिक्री दर | | [१०] कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भा.रु. | मो.रु. | भा.रु. | मो.रु. | भा.रु. | मो.रु. | | भा.रु. | मो.रु. | |
| | | | | | | | | | | | | | |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एजेन्सी दिने कम्पनी वा फर्म को नामः—
" " " ठेगानाः—

माथि लेखिए बमोजिमको बिवरण ठिकछ फरक पारी लेखिएको ठहरे नेपाल कानुन बमोजिम सहुँला बुझाँउला।

सहि
एजेण्ट वा एजेन्सीको पूरा नामः—
" " " ठेगानाः—
एजेन्सिको धनी । धनीहरूको नामः—
" " " ठेगानाः—

आज्ञाले—
कुमारदास श्रेष्ठ,
श्री ५ को सरकारका का.मु.सचिव
उद्योग बाणिज्य मन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५९४
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। 594